**वन तथा कृषि सहज कार्यक्रम : प्रत्यक्ष लाभग्राही अनुदान**

**अनुदान आवेदकहरूका लागि आवेदन फारमको आह्वान**

**२०८०**

**वन तथा कृषि सहज कार्यक्रम (FFF ), विश्व खाद्य संगठन (FAO Nepal), वन तथा वातावरण मन्त्रालय, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (IUCN) नेपालको सहयोगमा संचालित,**

**जलवायु अनुकूलित भू–परिधि र सुधारिएको जीविकोपार्जन कार्यक्रम अन्र्तगत कृषि तथा वनमा आधारित बजारमुखी समावेशी व्यवसाय विकास गर्नको निमित्त कृषि तथा वन उत्पादक संस्थाहरूका लागि प्रत्यक्ष लाभग्राही अनुदान**

## आवेदनको लागि जानकारी

### पृष्ठभूमि

वन तथा कृषि सहज कार्यक्रम (**FFF** ), दोस्रो चरण, सञ्चालन भएका मुख्य देशहरू मध्ये नेपाल पनि एक हो । नेपालमा वन तथा वातावरण मन्त्रालयको संयोजकत्व, खाद्य तथा कृषि सङ्गठनको आर्थिक सहयोग तथा व्यवस्थापन र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयूसिएन) नेपालको सहजीकरण र सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको नेतृत्वमा वन तथा कृषि सहज कार्यक्रमको दोस्रो चरण सन् २०१९ देखि कार्यान्वयन भइरहेको छ । **FFF** ले दोस्रो चरणमा तलका ४ परिणाम मार्फत जलवायु अनुकूलित भू–परिधि तथा सुधारिएको जीविकोपार्जनको लक्ष्य प्राप्त गर्न वन तथा कृषि उत्पादक समूहहरूको भूमिका सुदृढ बनाउने लक्ष्य राखेको छ। नेपालमा वन तथा कृषि सहज कार्यक्रमका दोस्रो चरणको मुख्य उद्देश्य भनेकै वन तथा कृषि उत्पादक समूहहरूलाई मूलप्रवाहीकरण गर्दै जलवायु समानुकुलित भू-परिधि तथा सुधारिएको जीविकोपार्जनका लागि महिला, युवा, दलित तथा आदिवासीहरूलाई समावेशी प्रक्रियाद्वारा समावेश गर्नु हो ।

कार्यक्रमका चार परिणामहरू निम्न प्रकारका छन् :

१. समावेशी सुशासन र बहु क्षेत्रीय सरोकारवाला समन्वय प्रक्रियाहरुको सुनिश्चितताद्धारा वन तथा कृषि उत्पादक समूहका लागि सक्षम नीतिहरु, कानूनी वातावरण र खाकाको विकास ।

२. व्यापार र व्यवसायको क्षमता विकासका लागि वन तथा कृषि उत्पादक समूहद्वारा विभिन्न सेवा उपलब्ध गराई लैंगिक समानताको सुनिश्चितता, मूल्य श्रृंखलाद्वारा उद्यम र उद्यमशिलताको विकास तथा बजार र वित्तमा पँहुच ।

३.  वन तथा कृषि उत्पादक समूहको प्रत्यक्ष संलग्नता र समावेशी जीविकोर्पाजनको एकीकृत पद्धति द्वारा भूपरिधि स्तरको जलवायु समानुकुलन, अनुकुलन तथा न्युनिकरणको उपलब्धता बढाउने ।

४. वन तथा कृषि उत्पादक समूहद्धारा वा वन तथा कृषि उत्पादक समूहको सहजीकरणबाट सामाजिक र सांस्कृतिक सेवामा पहुच ।

कार्यक्रमले वन तथा कृषि उत्पादक समूहहरू लगायत वन र कृषि क्षेत्रमा लैङ्गिक समानताको उपलब्धिलाई लैङ्गिक रूपान्तरणको सही र स्मार्ट तरिका मान्दछ। वन तथा कृषि सहज कार्यक्रम सम्बन्धी थप जानकारी निम्न वेब–पेज www.fao.org/partnerships/forest-farm-facility मा पाउन सकिन्छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल सामुदायिक वन उपभोक्ता समूहहरुको छाता संगठन हो । जसले वन तथा कृषि उत्पादन, सामुदायिक वन, र भू–परिधि स्तरको उत्पादन प्रणालीलाई प्रवर्द्धन गर्न मद्दत गर्दछ र यस कार्यक्रमको नेतृत्व गर्दै आएको छ ।

उद्देश्यः यस आह्वानको उद्देश्य काभ्रे, मकवानपुर, नवलपुर, दाङ, कपिलवस्तु, चितवन, सिन्धुपाल्चोक (चुरे क्षेत्र) वन तथा कृषि क्षेत्रको विकासका लागि वन तथा कृषि उत्पादकहरूलाई संगठित गर्ने र भू–परिधि स्तरीय समानुकुलित उत्पादन प्रणालीको विस्तार गरी व्यवस्थित र बजारमुखी लैङ्गिक समावेशी व्यवसाय प्रवर्द्धन गर्नु हो ।

**अपेक्षित वन तथा कृषि व्यावसायिक समूहहरूले प्रत्येक प्रतिफल अन्तर्गत निम्न विषयवस्तुहरूमा केन्द्रित (तल तोकिएको बाहेक थप सान्दर्भिक विषय समावेश गरी) भई आवेदन तयार गर्न सक्नेछन्) ।**

१. समावेशी सुशासन र बहु क्षेत्रीय सरोकारवाला समन्वय प्रक्रियाहरुको सुनिश्चितताद्धारा वन तथा कृषि उत्पादक समूहका लागि सक्षम नीतिहरु, कानूनी वातावरण र खाकाको विकास ।

- वन तथा कृषि उत्पादक समूहहरूको प्रत्यक्ष संलग्नता मार्फत वन तथा कृषि उत्पादक समूहहरूको हितमा हुने गरी विद्यमान नीति र कानुनी प्रावधानहरूमा परिवर्तन ल्याउने पहलहरू,
- वन तथा कृषि उत्पादक समूहहरूको साधारण सभा वा बोर्ड (वा अन्य वैध र निर्वाचित निकाय) द्वारा अनुमोदित पैरवीका एजेन्डा तयार गर्ने र निर्णय गर्ने संयन्त्र वा निकायमा महिला युवा तथा आदिवासी जनजातिहरूको सहभागितालाई सुदृढ बनाउने ।
- वन तथा कृषि उत्पादक समूहहरू भित्र लैङ्गिक समानता, सक्रिय सहभागिता र नेतृत्व पदका लागि महिला सदस्यहरूको सशक्तीकरणतर्फ सक्रिय रूपमा काम गर्ने ।
- अन्तर-क्षेत्रीय, बहु-सरोकारवाला नीति प्रक्रियाहरूको सुदृढीकरण वा विकासमा वन तथा कृषि उत्पादक समूहहरूको सहभागिता सुदृढ बनाउने ।

२. व्यापार र व्यवसायको क्षमता विकासका लागि वन तथा कृषि उत्पादक समूहद्वारा विभिन्न सेवा उपलब्ध गराई लैंगिक समानताको सुनिश्चितता, मूल्य श्रृंखलाद्वारा उद्यम र उद्यमशिलताको विकास तथा बजार र वित्तमा पाहुच,

- वन तथा कृषि उत्पादक समूहहरूको उद्यमहरूले आफूलाई दिगो बनाउन क्षमता अभिवृद्धि गर्ने ।
- उद्यमहरूमा महिलाको नेतृत्व साथै आर्थिक सशक्तीकरण र सुदृढीकरणतर्फ पहल गर्ने ।
- वन तथा कृषि उत्पादक समूहहरूका सदस्य र कर्मचारीहरूमा व्यवसाय विकास सम्बन्धी विज्ञता विकास गर्ने ।
- व्यापार विकास योजनाहरू विकास गर्ने ।
- वन तथा कृषि उत्पादक समूहहरूमा व्यवसाय इन्कुवेशनको (business incubation) क्षमता विकास तथा सुदृढीकरण गर्ने, र वन तथा कृषि उत्पादक समूहहरूले आफ्ना सदस्यहरूलाई यस सम्बन्धी सेवाहरू प्रदान गर्न सक्षम बन्ने ।
- वन तथा कृषि उत्पादक समूहहरू द्वारा उत्पादित वस्तुहरुको मूल्य अभिवृद्धि प्रवर्द्धन गर्ने ।

३. वन तथा कृषि उत्पादक समूहको प्रत्यक्ष संलग्नता र समावेशी जीविकोर्पाजनको एकीकृत पद्धति द्वारा भूपरिधि स्तरको जलवायु समानुकुलन, अनुकुलन तथा न्युनिकरणको उपलब्धता बढाउने,

- वन तथा कृषि उत्पादक समूहहरू वा संस्थाहरूद्वारा सुरु तथा अभ्यास गरिएका र उनीहरूको प्रत्यक्ष संलग्नता रहेको न्यूनीकरण तथा अनुकूलनका उदाहरणहरू विस्तार गर्ने पहल,
- वन तथा कृषि उत्पादक समूहहरू वा संस्थाहरूको राष्ट्रिय वा विश्वव्यापी रूपमा सञ्चालित जलवायु तथा भू–परिधि पुनर्स्थापना कार्यक्रमहरू सँगको साझेदारीलाई सुदृढ गर्ने पहल,
- जलवायु वा भू–परिधि पुनर्स्थापना कार्यक्रमहरू संचालन गर्न वन तथा कृषि उत्पादक संस्थाहरूसँग बजेट उपलब्ध गराउने पहल,
- जलवायु र भू–परिधि स्तरका कार्यक्रमहरूमा वन तथा कृषि उत्पादक संस्थाहरूलाई समावेश र सहकार्य गर्ने पहल,
- वन तथा कृषि उत्पादक संस्थाहरूका सदस्य र कर्मचारीहरूको जलवायु जोखिम विश्लेषण र जलवायु समानुकूलित योजनाहरूको तयारी गर्न क्षमता अभिवृद्धिका लागि पहल,

४. वन तथा कृषि उत्पादक समूहद्धारा वा वन तथा कृषि उत्पादक समूहको सहजीकरणबाट सामाजिक र सांस्कृतिक सेवामा पहुँच

- वन तथा कृषि उत्पादक समूहहरूद्वारा वा यी संघ/संस्थाको सहजीकरणमा वन र कृषि उत्पादकहरूलाई व्यवस्था तथा प्रदान गरिएका सामाजिक र सांस्कृतिक सेवाहरूका पहलहरू सुदृढ गर्ने,
- सामाजिक र सांस्कृतिक अधिकारहरू समावेश गर्ने, राष्ट्रिय स्तरको सामाजिक विकास प्रक्रियाहरूमा वन तथा कृषि उत्पादक संस्थाहरूको सहभागिताका लागि पहल गर्ने,
- यस परिणाम अन्तर्गतका गतिविधिहरू मुख्य रूपमा निम्न विषयमा लक्षित हुनुपर्छ,

क. सबैभन्दा सीमान्तकृत र गरिब र ख. महिला, ग. युवा र घ. आदिवासी जनजातिहरू

## वन तथा कृषि सहज कार्यक्रम अनुदान रकम

नेपालमा वन तथा कृषि सहज कार्यक्रमले सन् २०२३ मा प्रत्यक्ष लाभग्राही अनुदान अन्तर्गत कुल १ करोड ८० लाख नेपाली रुपैयाँ सहयोग रकम प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

सफल आवेदकहरूलाई १३ देखि ६० लाख नेपाली रुपैयाँ (अधिकतम सीमा) सम्मको अनुदान रकमको व्यवस्था गरेको छ । अनुदान रकमको आकारका साथै यस अनुदान अन्तर्गत सञ्चालन हुने गतिविधिहरूको प्रकृति, अन्य संस्थाहरू संगको सहकार्यको इतिहासका साथै वन तथा कृषि सहज कार्यक्रमद्वारा गरिएका प्राविधिक र प्रशासनिक भ्रमणहरूको प्रतिबेदनको नतिजाका आधारमा अनुदान उपलब्ध गराइने छ । उपलब्ध गरिएको अनुदान रकम दुई देखि तीन अलग किस्ता गरी सिधै लाभग्राही संस्थालाई उपलब्ध गराइने छ ।

अनुदानको मूल्यको आंकलन र निर्धारण, आवेदकले बजेट तालिकामा प्रस्ताव गरेको आधारमा, मूल्याङ्कन समितिले पुनरावलोकन गरी समितिले सहमति दिनेछ ।

वन तथा कृषि सहज कार्यक्रमले आवेदनमा ंनगद सहलगानी (co-investment) समावेश गरेका आवेदकहरूका प्रस्तावनाहरुलाई मात्र अनुदान प्रदान गर्नेछ ।

परियोजनामा प्रस्तावित बजेटको ८० देखि ९०% सम्मको बजेट वन तथा कृषि सहज कार्यक्रम मार्फत उपलब्ध हुनेछ । आवेदक संस्थाले लगानी सम्बन्धि सीमाको पालना गर्नुपर्छ जस अन्तर्गतका लाभाग्राही समूहको कार्ययोजना र आवेदनमा समावेश गरिएको प्रस्तावित रकम यदि १३ लाख नेपाली रुपैयाँ भन्दा कम भए १०%, र १३ लाख भन्दा माथि भएमा २०% गरी संस्थाको तर्फबाट नगद सह–लगानी गर्नु पर्नेछ । यस अनुसार वन तथा कृषि उत्पादक समूहहरूले तोकिएको कियाकलापहरू सञ्चालन गर्न आवश्यक लागतको न्यूनतम प्रतिशत नगद सहलगानी (co- investment) उपलब्ध गराउने प्रतिबद्धता जनाउनु पर्दछ ।

मुल्यांकन समितिले छनौटका मापदण्डका आधारमा छानिएका वन तथा कृषि उत्पादक समूह वा संस्थाहरूलाई यस कार्यक्रमले आवश्यक पर्ने सुशासन र वित्तीय व्यवस्थापनमा आवश्यक तालिमहरू उपलव्ध गराउने छ ।

## प्रस्ताव साथ संलग्न गर्नुपर्ने दस्ताबेजहरू

यस प्रस्ताव साथ संलग्न गर्नुपर्ने दस्ताबेजहरूको चेकलिष्ट :

१) संस्था वा समूह दर्ताको प्रमाणपत्र (अंग्रेजीमा अनुवाद गरी नोटरीद्वारा प्रमाणित गरिएको)

२) वार्षिक वित्तीय लेखापरिक्षणको प्रतिवेदन

३) बैंकिङ विवरण जस्तै बैंक खाताको प्रमाण, बैंक स्टेटमेन्ट, चेक बुक, बैंक चेकको प्रतिलिपि ( आवरण सहितको भित्री पन्नाको प्रतिलिपि)

४) प्रस्तावक वन तथा कृषिसङ्ग सम्बन्धित महासंघमा आबद्ध भएमा सम्बन्धित महासंघको सिफारिस पत्र वा स्थानीय तह, वडा वा पालिकाको सिफारिस पत्र

५) संघ/संगठनको विधान,

६) कर कार्यालयमा दर्ता भएको स्थायी लेखा (PAN) नम्बर

## परियोजना अवधि

प्रस्तावित परियोजना कार्यन्वयन गर्ने समयावधि १२ महिनाको हुनुपर्दछ। तसर्थ यस सहयोग कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू सुरु भएको १२ महिना भित्र पूरा गर्ने गरी डिजाइन गरिएको हुनुपर्दछ।

## प्रस्तावहरुको चयन

प्रस्ताव पेस  गर्ने अन्तिम समय भित्र प्राप्त प्रस्तावहरू मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गरिनेछ। सफल आवेदकहरूसंग सम्पर्क गरी सम्झौता मार्फत कार्य अगाडी बढाइनेछ। प्रस्तावहरूको चयनमा मूल्याङ्कन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

## पेस गर्ने मिति र ढाँचा

प्रदान गरिएको ढाँचा (अनुसुची २) अनुसार इलेक्ट्रोनिक आवेदन पेस गर्न आवेदकहरूलाई अनुरोध गरिन्छ। आवेदन र यससँग सम्बन्धित कागजातहरू वन तथा कृषि सहज कार्यक्रमलाई नेतृत्व गरेको संस्था ( सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल) को इमेल ठेगानामा पठाउन अनुरोध गरिन्छ।

**प्रस्ताव पठाउने इमेल ठेगाना : info@fecofun.org.np**
**प्रस्ताव पेस गर्ने अन्तिम मितिः १० अगष्ट २०२३ ( २५ श्रावण २०८०) बेलुका ५:०० बजे सम्म**

**नोटः यस प्रत्यक्ष लाभग्राही अनुदान कार्यक्रमको लागि प्रस्ताव तयारी प्रक्रिया, विविध जिज्ञासा र अन्य जानकारीको साथै यस प्रक्रियालाई सहजीकरण गर्नका लागि वन तथा कृषि सहज कार्यक्रमले २०८० श्रावण १ गते ११ बजे देखि १२:३० बजेसम्म आईयूसिएन नेपालको कार्यालय कुपण्डोल, ललितपुरमा छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने भएकोले ईच्छुक संघ संस्थाका बढीमा २ जनासम्म प्रतिनिधिहरु सहभागी हुनका लागि अनुरोध गर्दछौं।**

ईच्छुक संघ संस्थाले २०८० आषाढ ३१ गते सम्म ०१-५४२८७८१  वा मोवाईल नं ९८४९६२७५०३ मा सम्पर्क गरी सहभागिताको जानकारी गराईदिनु हुन समेत अनुरोध गर्दछौं ।

## अनुसूची १ : वन तथा कृषि सहज कार्यक्रम अन्तर्गत अनुदान योग्यता र छनौट मापदण्ड

प्रत्यक्ष लाभग्राही अनुदानमा पेस भएका प्रत्येक आवेदन मूल्याङ्कन समितिले १) योग्यता मापदण्ड र २) तलको छनौट मापदण्डको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । मूल्याङ्कन समितिले आवेदकले प्रस्ताव गरेको बजेटको कूल मूल्य पनि आंकलन र निर्धारण गर्नेछ ।

स्थलगत भ्रमणहरूबाट प्राप्त प्राविधिक र प्रशासनिक क्षमताहरूको विषयमा थप टिप्पणीहरू 'वन तथा कृषि सहज कार्यकमद्वारा समावेश गरिनेछ ।

| | **योग्यता मापदण्ड** | **मूल्याङ्कनका आधारहरू** |
|---|---|---|
| १. | प्रस्तावित आवेदक संस्था नेपालमा अवस्थित हुनुपर्दछ र प्रस्तावित परियोजना स्थलमा संस्थागत उपस्थिति हुनुपर्दछ । (छ वा छैन) | क) प्रस्तावित परियोजना स्थलमा कार्यालयको भौतिक उपस्थिति भएको<br>ख) वन तथा कृषि सहज कार्यक्रम नेपाल अन्तर्गतका क्रियाकलापहरू लागु भएको स्थानमा परियोजना सञ्चालन भएको |
| २. | वन तथा कृषि उत्पादक समूह, सामुदायिक वन उपभोक्ता समूह, कृषि वन उत्पादक समूह, कृषक समूह, वन तथा कृषि उत्पादक समूहमा आधारित साना/मझौला समूहगत उद्यम, समुदायमा आधारित वन तथा कृषि उद्यम समूहहरू, वन,कृषि वा कृषि वन सहकारी हुनुपर्नेछ । (छ वा छैन) | क) संस्थाको निर्णय गर्ने संरचना स्पष्ट छ,<br>ख)संस्था सदस्यतामा आधारित हो भनेर पुष्टि गर्ने विधान छ,<br>ग) संस्था दर्ता प्रमाणपत्र भएको (स्थानीय निकाय, डिभिजन वन, घरेलु तथा साना उद्योग विभाग आदी) र वन तथा कृषि उत्पादक संस्थामा सदस्यता दर्ता भएको<br>घ) संस्था संलग्न भएका क्रियाकलापहरूको लागि आवश्यक दर्ता प्रक्रिया (वैधानिकता) पुरा गरेको |
| ३. | भू–परिधि स्तरीय कृषि, वन, कृषि वन तथा सामुदायिक वन उपभोक्ता समूहमा केन्द्रित उत्पादक समूह वा संस्थाहरू हुनुपर्छ ।<br>(छ वा छैन) | क) वन र कृषि दुबैका उत्पादनका मूल्य श्रृंखलाहरू एकीकृत भू–परिधिमा आधारित भएको र विस्तारको सम्भावना भएको<br><br>ख) प्रस्तावित कृयाकलापहरू उत्पादन मूल्य श्रृंखलामा मूल्य अभिबृद्धि प्रदान गर्नमा संलग्न रहेको |
| | लगानीबाट लाभान्वित हुने सदस्य संख्या स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्छ । (छ वा छैन) | क) आवेदनमा लगानीबाट लाभान्वित सदस्यहरूको संख्या संकेत गरेको |

| | | |
|---|---|---|
| ५. | वन तथा कृषि सहज कार्यक्रमको कम्तीमा तीन वटा परिणामहरूमा प्रभाव पार्नु पर्दछ र स्पष्ट रूपमा परिणाम र नतिजाहरू सम्बोधन गर्नुपर्दछ। (छ वा छैन) | क) परिणाम १ मा नीति,<br>ख) परिणाम २ मा व्यवसाय विकास वा प्रवर्द्धन,<br>ग) परिणाम ३ मा जलवायु अनुकूलन,<br>घ) परिणाम ४ मा सामाजिक सुरक्षा सेवाहरू |
| ६. | संस्थाको नाममा बैंक खाता दर्ता भएको हुनुपर्छ। (छ वा छैन) | क) दर्ता गरिएको संस्थाको नाम र बैंक खाताको नाम मेल खाने हुनु पर्छ।<br>ख) आवेदनमा आवश्यक पर्ने सबै बैंकिङ विवरणहरू समावेश हुनुपर्छ। |
| ७. | संस्था बैंकको कालो सूचीमा नपरेको , खारेजी नभएको र कानूनी मुद्दा मामिलाहरूमा नपरेको हुनुपर्छ। (छ वा छैन) | क) बैंक खाताको प्रमाण जस्तै, बैंक स्टेटमेन्ट, चेक बुक आदि,<br>ख) आवेदक संस्था  कानुनी प्रक्रियाहरूमा संलग्न नरहेको स्वःघोषणा गर्नुपर्छ। |
| ८. | संस्था बजेटमा उल्लेख भएको लगानीमा न्यूनतम १०-२०% नगद योगदान गर्न इच्छुक र सक्षम हुनुपर्छ। (छ वा छैन) | |

| **छनौट मापदण्ड** | **छनौटका मापदण्डका आधारहरूको सूची र संख्यात्मक वजन** | |
|---|---|---|
| | **मापदण्डका आधारहरूको सूची** | **संख्यात्मक वजन** |
| **आवेदक संस्थाहरूले सफल परियोजना कार्यान्वयनको लागि सह-लगानी कोषसँग मेल खाने आफ्नो क्षमताको प्रमाण उपलब्ध गराउनु पर्दछ।** | **क)  आवेदक संस्थाहरूसँग वस्तु र सेवाहरूको खरिदकोलागि पारदर्शी र स्ट्याण्डर्ड  खरिद प्रक्रिया हुनुपर्छ।**<br>**ख) आवेदक संस्थाहरूको समावेशी ग्रामीण वित्त पहलहरू पहुँच भएको हुनुपर्दछ।**<br>**ग) आवेदनमा सह लगानीको अनुरोध गर्ने सबै उत्पादक संस्थाहरू राजस्व सेवा (वा समकक्ष संस्था) मा दर्ता हुनुपर्छ र कर कार्यालयमा दर्ता भएको( PAN) नम्बर राख्नु पर्नेछ।** | **प्रत्येक सूचकाङ्कले ५ स्कोर अङ्क बोक्छ।**<br>**कूल १५ अङ्क।** |

| | | |
|---|---|---|
| **प्रस्तावना बजेट योजनाको निर्माणमा मूल्य अभिवृद्धि र वित्तीय कम्पोनेन्टको दिगोपन देखाउनु पर्दछ।** | **अनुरोध गरिएको लगानीले प्रस्तावित कियाकलापहरूमा थप मूल्य अभिवृद्धि देखाउने छ।**<br>**प्रस्तावनाले लगानीबाट आएका अपेक्षित परिणामहरूबाट लाभान्वित वर्गले पाउने लाभहरूको वर्णन गर्दछ।** | **प्रत्येक तत्वहरूले १५ स्कोर अङ्क बोक्छ।**<br><br>**कूल अङ्क ३०।** |
| **आवेदनको उत्कृष्टता निम्न मापदण्डहरूको आधारमा मूल्याङ्कन गरिनेछ:** | | **कूल ३० अङ्क ।** |
| डिजाइनः प्राविधिक र प्रशासनिक सम्भाव्यता ( उद्देश्य, नतिजा, उत्पादित वस्तु र कियाकलापहरू) | क) परिणाम तथा अपेक्षित नतिजाहरूसँग सम्बन्धित स्पष्ट कृयाकलापहरू,<br>ख) योग्य प्रशासनिक र प्राविधिक कर्मचारीको व्यवस्था : उक्त कर्मचारीको खरिद प्रकियामा भूमिका र जिम्मेवारी, राम्रो प्रसाशनिक अभिलेखीकरण, उचित फाईलिङ्ग, प्रशासनिक कियाकलाप आदिमा जिम्मेवारी र भूमिका स्पष्ट उल्लेख गरिएको,<br>घ) मासिक बैंकिङ्ग रेकर्ड, (Monthly banking reconciliations) | प्रत्येक तत्व बराबर १ स्कोर कूल ५ अङ्क |
| उत्पादक संस्थाको प्रस्तावित कृयाकलापहरू सञ्चालन गर्ने योग्यता र क्षमता | क) कार्यक्रम सञ्चालन गर्नका लागि योग्य प्राविधिक कर्मचारीहरू,<br>ख) योग्य प्रशासनिक र वित्त कर्मचारीहरू | प्रत्येक तत्वले २.५ स्कोर भार बोक्छ<br>कूल ५ अङ्क |
| कार्ययोजनामा वित्तीय खण्डको सान्दर्भिकता | क) प्रस्तावित कृयाकलापरू सञ्चालन गर्न प्रस्तावनामा उल्लेखित अनुदान रकम पर्याप्त छ,<br>ख) वित्तीय प्रस्तावनाले पूँजि वृद्धि गर्दछ जस्तै, लगानी बजेटले थप आयमा वृद्धि गरेको | प्रत्येक तत्वले २.५ स्कोर भार बोक्छ।<br>कूल ५ अङ्क। |
| आन्तरिक वा बाह्य स्रोतहरू/ कोषहरू र प्राविधिक सहायताहरू अन्तर्गतका विकास कार्यक्रमहरू र अन्य पहलहरूसँग पूरकता र समन्वय(५%) | क) आवेदक संस्थाले आफ्ना हाल कार्यान्वयन भइरहेका आन्तरिक कियाकलापहरूसँग तालमेल र पूरकता प्रदर्शन गरेको,<br>ख) ग्रासरूट, स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरहरूमा हाल सञ्चालित ( कम्तीमा ३ वटा) कियाकलापहरूमा | प्रत्येक तत्वले २.५ स्कोर अङ्क भार बोक्छ।<br>कूल ५ स्कोर अङ्क। |

| | | |
|---|---|---|
| | आवेदक संस्थाले बाह्य समन्वयहरू प्रस्तुत गरेको । | |
| समय सापेक्ष दिगोपना ( प्रस्तावित संस्थाको सदस्य परिवारहरूका लागि उत्पादित सेवा सुविधाहरूको मार्फत मूल्यांकन गरिएको) | क) आवेदनमा आवेदकले विगतमा आफ्ना सदस्यहरूका लागि गरिएको सेवाहरूलाई उल्लेख गरेको<br>ख) संस्थासँग आफूले गरेका भुक्तानी र सेवा शुल्क वा अन्य सहमतिका सर्तहरूको दस्ताबेज राख्ने व्यवस्था र स्वामित्व रहेको । | प्रत्येक तत्वले २.५ स्कोर अङ्क भार बोक्छ।<br>कूल ५ स्कोर अङ्क |
| प्रशिक्षण र सिकाई प्रक्रियाहरू समावेश | क) आवेदकले संस्थाको क्षमता विकास सम्बन्धी आवश्यकता के छ सो को स्पष्ट रूपरेखा प्रस्तुत गरेको ।<br>ख) आवेदकले अन्य तालिम वा प्रशिक्षणको आवश्यकता सम्बन्धी स्पष्ट रूपरेखा प्रस्तुत गरेको । | प्रत्येक तत्वले २.५ स्कोर अङ्क भार बोक्छ<br>कूल ५ अङ्क। |
| **आवेदनले वन तथा कृषि उत्पादक समूहभित्र लैङ्गिक समानता र महिलाको आर्थिक सशक्तीकरणमा स्पष्ट योगदान दिने क्रियाकलापहरू समावेश गर्नुपर्छ र वन तथा कृषि सहज कार्यक्रम सँग अन्तर सम्बन्ध रहेको विषयवस्तुहरूमा कम्तीमा एक क्रस-कटिंग विषयवस्तुहरू : (लैङ्गिक समानता, युवा र आदिवासी जनजातिहरू) लाई सम्बोधन गरेको हुनु पर्दछ।** | **क) आवेदनले महिला लाभान्वित वर्गहरूलाई प्राथमिकतामा राखेको देखाएको**<br>**ख) आवेदनले महिला सशक्तीकरणको लागि कम्तीमा ३०% बजेट प्रस्तुत गरेको**<br>**ग) आवेदनले युवा केन्द्रित कियाकलापहरू प्रस्तुत गरेको**<br>**घ) आवेदनले आदिवासी जनजाति/जातीय अल्पसंख्यक समावेशी कियाकलापहरू प्रस्तुत गरेको** | **तत्व क ले १० अङ्क भार बोक्छ ।**<br>**तत्व ख ले ५ स्कोर अङ्क भार बोक्छ ।**<br>**तत्व ग ले ५ अङ्क भार बोक्छ ।**<br>**तत्व घ ले ५ अङ्क भार बोक्छ ।**<br>**कूल २५ अङ्क** |

**तलका अतिरिक्त मापदण्डहरू पूरा गर्ने आवेदनहरूलाई प्राथमिकता दिइनेछ.**

| **मापदण्ड** | **मूल्याङ्कनका लागि आवश्यक आधारहरू** |
|---|---|
| वन तथा कृषि सहज कार्यक्रमको अघिल्लो साझेदारीमा | १.मापदण्डका आवश्यकताहरू पूरा गरेका र समय मै प्रतिवेदन बुझाइएको,<br>२.अनुगमनको लागि प्रमाणित तथ्याङ्को उपलब्धता गरिएको, |

| | |
|---|---|
| आवेदकले प्राप्त गरेको सफलताको प्रमाण/उपलब्धिको मूल्याङ्कन | ३. नतिजाहरूको प्रगतिशील अपस्केलिंग (स्थलगत बिस्तार), स्थलगत अवलोकन र अनुगमनद्वारा प्रमाणित गरिएको,<br>४.लाभान्वित वर्गको अभिलेख र तथ्याङ्क उपलब्ध भएको । |
| वन तथा कृषि सहज कार्यक्रम नेपालले पहिचान गरेको प्राथमिक भू–परिधिमा (चुरे क्षेत्र) वन तथा कृषि उत्पादक समूहको सक्रियता (छ वा छैन) | १.प्राथमिक भू–परिधिको एक समुदाय<br>२.एक भन्दा बढी समुदाय<br>३.एक जिल्ला<br>४.एक भन्दा बढी जिल्ला<br>५.एक क्षेत्र<br>६.एक भन्दा बढी क्षेत्र |
| लैङ्गिक रूपान्तरणको लागि स्पष्ट दृष्टिकोण (छ वा छैन) | १.लैङ्गिक नीति तथा मार्गदर्शन भएको<br>२.लैङ्गिक विषय हेर्ने अधिकारी/लैङ्गिकता सम्बन्धी मुद्धा हेर्ने जिम्मेवारी पाएका व्यक्ति<br>३.महिला सदस्यहरूको वृद्धि भएको प्रमाण<br>४.नेतृत्व पदमा महिलाको संख्या बढ्दै गएको प्रमाण |
| क्रियाकलापहरूमा महिला, युवाहरू, र/वा सीमान्तकृत र/वा आदिवासी समूहहरूको सहभागिताको स्पष्ट प्रदर्शन (छ वा छैन) | १. युवा, महिला र सीमान्तकृत लाभान्वितको संख्या ३०% भन्दा बढी,<br>२.नेतृत्व पदमा युवा, महिला र सीमान्तकृत प्रतिनिधित्व रहेको । |
| आवेदनले वन र कृषि क्षेत्रको सुधारले खाद्य सुरक्षा र आम्दानी वृद्धिमा योगदान पुऱ्याउन सान्दर्भिक नतिजा प्रस्तुत गरेको (छ वा छैन) | १. वन र कृषिमा सुधार ल्याउन उपयुक्त/सान्दर्भिक परिणाम र नतिजाहरू,<br>२.खाद्य सुरक्षासँग सम्बन्धित परिणाम र नतिजाहरू,<br>३.जीविकोपार्जन सुधार र आय वृद्धि देखाउने परिणाम र नतिजाहरू । |
| आवेदन दिगो वन र कृषि व्यवस्थापनका अभ्यासहरू प्रस्तुत गरिएको | १. दिगो कियाकलापहरू सञ्चालन र विस्तारका लागि भू–परिधीय योजना भएको,<br>२.एकीकृत भू–परिधिमा सञ्चालित स्पष्ट कियाकलापहरू प्रस्तुत गरेको,<br>३.जलवायु स्मार्ट कृषि गतिविधिहरू प्रस्तुत गरेको । |

**अनुसूची २ :  वन तथा कृषि सहज कार्यक्रमको अनुदानका लागि आवेदन फारम**

**आवेदन तयारीका लागि निर्देशन : यस आवेदन फारम A4 साइजको कागजमा, ११ साइजको प्रीती नेपाली फन्टमा बढीमा पाँच पन्ना तयार गर्नुपर्ने। यस बाहेक आवेदनमा थप जानकारी स्वरूप सहभागीहरूको सूची, दर्ता प्रमाणपत्र, वित्तीय कागजपत्रहरू आदि अनुसूचीको रूपमा प्रस्तुत गर्नु पर्नेछ।**

**परिचय**

क. संस्था/संङ्गठनको नामः ...........................................................................

ख. पत्राचार गर्ने ठेगानाः ...............................................................................

ग. सम्पर्क व्यक्तिको नाम र थर : .................................................................
सम्पर्क व्यक्तिको इमेल : .........................................................................

सम्पर्क व्यक्तिको मोबाइल नम्बर : ..................................................................

घ. संस्था/संङ्गठनको को दर्ता विवरण/नम्बरः - कृषि, वन, कृषि वन उत्पादक समूहहरू; सामुदायिक / साझेदारी / कबुलियती वन समूह वा यिनीहरूद्वारा सञ्चालित उद्यम समूह; कृषि, वन वा कृषि वन सहकारी आदि ): .............................................................................................

ङ. परियोजना सञ्चालन हुने स्थान : (देश, प्रदेश, जिल्ला, स्थानीय तह, वडा नं.)

२. **आवेदन**

क) प्रस्तावित परियोजनाको शीर्षक

..........................................................................................................................
..........................................................................................................................

ख) सारांश (१ र २ पृष्ठ)

**१. संस्थाको पृष्ठभूमि**

क. छोटो इतिहास (१ अनुच्छेद)

ख. मुख्य उद्देश्य र कार्याधिकार (म्यान्डेट) (१ अनुच्छेद)

ग. संस्थाका सदस्य र नेतृत्वकर्ताहरूको संक्षिप्त विवरण । अनुमानित सदस्य संख्या, महिला र युवाहरू छुट्टयाउनु होस्, यस अन्तर्गत यदि वन, कृषि, कृषि वन उत्पादक समूहमा आधारित उद्यम वा उप समूह हो भने सो को विवरण (१ अनुच्छेद)

घ. संस्थागत संरचना, कार्यसमितिको पदावधि र परिवर्तनको समय, मनोनयन प्रक्रिया, संस्थाको व्यवस्थापन र कर्मचारीहरूको विषयमा उल्लेख गर्नुहोस् (१ अनुच्छेद)

ङ. आवेदक संस्थाको विगतको कार्यसम्पादन अभिलेख (ट्राऱ्याक रेकर्ड) (यस कार्यसँग सम्बन्धित विगतको अनुभव, र उपलब्धिहरू संक्षिप्त रूपमा वर्णन गर्नुहोस् । (१ अनुच्छेद)

च. शीर्ष उत्पादक सङ्गठन/संघ/समूहसँगको सम्बन्ध के छ ? उल्लेख गर्नुहोस् ।

**२. संस्थाको प्रस्तावित सह अनुदानको (म्याचिङ्ग फन्ड) औचित्य** : (प्राथमिकता, आवश्यकताहरू र हाल सामना गरिरहेको चुनौतिहरूको बारेमा सामान्य तर्कहरू सहित उल्लेख गर्नुहोस् । २-३ अनुच्छेदमा, )

**३. प्रस्तावित सह अनुदानको (म्याचिङ्ग फन्ड) समग्र उद्देश्यः** (यो सह अनुदानले को सँग र कहाँबाट के हासिल गर्ने आशा राख्नुभएको छ ? उल्लेख गर्नुहोस् । साथै प्रस्तावित कार्य वन तथा कृषि सहज कार्यक्रमको कुन नतिजा र सूचकहरूसँग सम्बन्धित छ भन्ने कुरा स्पष्ट पहिचान गर्नुहोस् । (१ अनुच्छेद)

**४. संस्था र प्रस्तावित परियोजनाको लैङ्गिक समानता र महिलाहरूको आर्थिक सशक्तीकरणको लागि दृष्टिकोण के छ ? उल्लेख गर्नुहोस्**

**५. संस्था र प्रस्तावित परियोजनाको युवा र आदिवासी जनजातिहरूको समावेश गर्नका लागि के अवधारणा छ, सो विषयमा विस्तृत विवरण उल्लेख गर्नुहोस् । (यदि भएको खण्डमा मात्र)**

**६. यस परियोजनाबाट संस्थाका सदस्यहरूले लिन सक्ने लाभ के हो ? उल्लेख गर्नुहोस् ।**

**७. उत्पादक संस्था** /संङ्गठनको **सहभागीहरूको स्थान र पहुँच : संस्थाको प्रस्तावित अनुदानबाट सञ्चालित क्रियाकलापहरू कहाँ–कहाँ लागु हुन्छन्** ? त्यसको निश्चित स्थान (**प्रदेश, जिल्ला, नगरपालिका, गाँउपालिका, वडा नं., गाउँ, बस्ती आदि**) उल्लेख गर्नुहोस् र सदस्यहरू, उत्पादकहरू र सरोकारवालाहरूका हिसाबले अनुमानित पहुँच (संख्यामा) को विषयमा उल्लेख गर्नुहोस् । (१ अनुच्छेद)

**८. अपेक्षित उपलब्धिहरूलाई (output)सूचीबद्ध गरी व्याख्या गर्नुका साथै तिनीहरू वन तथा कृषि सहज कार्यक्रमको कुन–कुन नतिजा र सूचकहरूसँग सम्बन्धित छन् भन्ने कुरा स्पष्ट रूपमा पहिचान गरी उल्लेख गर्नुहोस् । (१ अनुच्छेद)**

९. **अपेक्षित उपलब्धिहरू, क्रियाकलापहरू र बजेट** : (प्रत्येक आवेदक संस्थाले , हाँसिल गर्ने उपलब्धिहरूको मुख्य तत्वहरू र त्यसलाई हाँसिल गर्नको लागि के क्रियाकलापहरू प्रस्ताव गरिएको छ सो को बारेमा प्रत्येक उपलब्धिको थप विस्तृत विवरण सहित व्याख्या गर्नुहोस् ।

**उदाहरण**

**उपलब्धि १**

| **क्र.स.** | **उपलब्धि** |
|---|---|
| १. | ६ वटा मुख्य समुदायमा सम्भावित स्थानीय उत्पादनहरू जसमा व्यवसाय सुरुवात गर्न सकिन्छ सो सूची सहितको दस्तावेज |

**क्रियाकलापहरू**

| **क्र.स.** | **क्रियाकलापहरूको उदाहरण** | **बजेट (स्थानीय मुद्रामा)** | **अनुमानित अवधि ( कति महिना )** | **क्रियाकलाप सुरु हुने महिना ( अगस्ट)** |
|---|---|---|---|---|
| १.१. | एक व्यापार वा कृषि विकास विशेषज्ञ करारमा नियुक्ति गर्ने | ५० | ३ | |
| १.२. | ६ वटै समुदायमा स्थलगत भ्रमण र अन्तरवार्ता लिने | १०० | २ | |
| १.३. | श्रम, पुँजी, आम्दानी गर्न सक्ने क्षमता , सामाजिक तथा वातावरणीय प्रभाव, र | ६० | २ | |

| | | | | |
|---|---|---|---|---|
| | अन्य सान्दर्भिक मापदण्डहरूका साथै उत्पादनको लागतको आधारमा सम्भावित उत्पादनहरूको मूल्याङ्कन गर्ने | | | |

**उपलब्धि २**

| **क्र.स.** | **उपलब्धि** |
|---|---|
| २. | |

**क्रियाकलापहरू**

| **क्र.स.** | **क्रियाकलापहरू** | **बजेट (स्थानीय मुद्रामा)** | **अनुमानित अवधि ( कतिमहिना )** | **क्रियाकलाप सुरु गरिने महिना ( मे)** |
|---|---|---|---|---|
| २.१. | | | | |
| २.२. | | | | |
| २.३. | | | | |

**१०. सम्भावित उत्पादक संस्थाका सहभागी उत्पादक सदस्यहरूको नामावलीः**

| **क्र.स.** | **नाम** | **काम/संस्था** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**सिफारिस पत्रः** कृपया बाह्य पक्षबाट सिफारिस पत्र संलग्न गर्नुहोस्। ( शीर्ष उत्पादक संस्था /संङ्गठनकोबाट)

यस प्रस्ताव साथ संलग्न गर्नुपर्ने दस्ताबेजहरू चेकलिष्ट :

१) संस्था वा समूह दर्ताको प्रमाणपत्र (अंग्रेजीमा अनुवाद गरी नोटरीद्वारा प्रमाणित गरिएको)

२) वार्षिक वित्तीय लेखा परिक्षणको प्रतिवेदन

३) बैंकिङ विवरण जस्तै बैंक खाताको प्रमाण, बैंक स्टेटमेन्ट, चेक बुक, बैंक चेकको प्रतिलिपी ( आवरण सहितको भित्री पन्नाको प्रतिलिपि)

४) स्थानीय तह, वडा वा पालिकाको सिफारिस पत्र वा प्रस्तावक वन तथा कृषि सङ्ग सम्बन्धित महासंघमा आबद्ध भएमा सम्बन्धित महासंघको सिफारिस पत्र

५) संगठनमा यसलाई सदस्यतामा आधारित भनेर पुष्टि गर्ने विधान,

६) कर कार्यालयमा दर्ता भएको स्थायी लेखा (PAN) नम्बर